# गुराँस राजपत्र

## गुराँस गाउँपालिकाद्धारा प्रकाशित

**खण्डः १०** **संख्याः १९** **मितिः२०८३।०५।१६**

**भागः २**


गुराँस गाउँपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्बसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

# ग्रामीण सडक सम्भार कार्यकर्ता परिचालन कार्यविधि, २०८३

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी गुराँस गाउँपालिकाले ग्रामीण सडक सम्भार कार्यकर्ता परिचालन कार्यविधि, २०८३ जारी गरेको छ।**

## गुराँस गाउँपालिका

## ग्रामीण सडक सम्भार कार्यकर्ता परिचालन कार्यविधि, २०८३

कार्यपालिकाबाट स्वीकृत मितिः २०८३/०५/१०
प्रमाणीकरण मितिः २०८३/०५/१५

**प्रस्तावनाः**

**नेपालको संविधान**ले स्थानीय तहलाई सुम्पिएका अधिकार र **स्थानीय सरकार सञ्चालन ऐन, २०७४** बमोजिम स्थानीय सडक, ग्रामीण पहुँच मार्ग तथा पूर्वाधारको व्यवस्थापन र संरक्षण गर्ने दायित्व गाउँपालिकाको रहेको सन्दर्भमा;

गुराँस गाउँपालिका क्षेत्रभित्र रहेका ग्रामीण सडक सञ्जाललाई वर्षायाममा पर्न सक्ने अविरल वर्षा, बाढी, पहिरो र कटानबाट जोगाउन तथा सडकका नाली, कल्भर्ट र निकासको नियमित सफाइ गरी सडकलाई निरन्तर सञ्चालनमा राख्न;

वर्षायाममा आउने सानातिना पहिरो र अवरोधलाई तत्काल हटाई आपतकालीन स्वास्थ्य सेवा, खाद्यान्न ढुवानी र स्थानीय नागरिकको आवतजावतलाई सुरक्षित तथा सहज बनाउन;

स्थानीय स्तरमा रहेका विपन्न, बेरोजगार तथा सूचीकृत जनशक्तिलाई वर्षायामको अवधिमा श्रम-गहन (Labour-intensive) मर्मत सम्भार कार्यमा परिचालन गरी अल्पकालीन रोजगारीका अवसरहरू सिर्जना गर्न;

सडक सम्भार कार्यकर्ता (Lengthperson) परिचालनको प्रक्रियालाई पारदर्शी, व्यवस्थित, नतिजामुखी र सुरक्षित बनाउन आवश्यक भएकाले;

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ एवं दफा १०२ ले दिएको अधिकार प्रयोग गरी गुराँस गाउँकार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ।

### परिच्छेद – १: प्रारम्भिक

### १.१ संक्षिप्त नाम र प्रारम्भ

१) यस कार्यविधिको नाम "गुराँस गाउँपालिका वर्षायाम ग्रामीण सडक सम्भार कार्यकर्ता परिचालन कार्यविधि, २०८३" रहेको छ।

२) यो कार्यविधि गुराँस राजपत्रमा प्रकाशन भएको मितिदेखि सम्पूर्ण गाउँपालिका क्षेत्रभित्र लागू हुनेछ।

### १.२ परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,—

क) "गाउँपालिका" भन्नाले गुराँस गाउँपालिका, दैलेखलाई जनाउँछ।

ख) “कार्यपालिका” भन्नाले गुराँस गाउँकार्यपालिकालाई जनाउँछ।

ग) “सडक सम्भार कार्यकर्ता (Building Maintenance Worker / Lengthperson)” भन्नाले वर्षायाममा ग्रामीण सडकको नियमित मर्मत, नाली सफाइ र सानातिना पहिरो हटाउन कार्यविधि बमोजिम नियुक्त/परिचालित व्यक्तिलाई जनाउँछ।

घ) “गाउँस्तरीय/वडास्तरीय सडक” भन्नाले गुराँस गाउँपालिकाको क्षेत्राधिकारभित्र पर्ने कच्ची तथा ग्राभेल ग्रामीण सडक सञ्जाललाई जनाउँछ।

ङ) “कार्यदिन” भन्नाले गाँउपालिकाको अधिकार क्षेत्र भित्रका सडकमा सडक सम्भार कार्यकर्ताले काम गर्नु पर्ने तोकिएको दिनलाई बुझाँउनेछ ।
च) “पारिश्रमिक” भन्नाले तोकिएको कार्यदिनमा काम गरे बापत गाँउपालिकाबाट प्राप्त हुने ज्याला सुबिधालाई बुझिनेछ ।
छ) “पूर्वाधार शाखा” भन्नाले गाउँपालिकाको प्राविधिक/इन्जिनियरिङ शाखालाई जनाउँछ।

## १.३ पृष्ठभूमि र औचित्य

गुराँस गाउँपालिकाको पहाडी भू-बनोटका कारण वर्षायाममा अविरल वर्षा, बाढी र पहिरोले गर्दा ग्रामीण सडकहरू अवरुद्ध हुने, नाली थुनिने र सडक पखालिने समस्या अत्यधिक हुने गर्दछ। समयमै सडकको सानातिना मर्मत र नाली निकास नगर्दा सडक पूर्ण रूपमा क्षति भई ठूलो वित्तीय हानि हुनुका साथै आपतकालीन स्वास्थ्य सेवा र दैनिक यातायात प्रभावित हुन्छ।

सडकलाई निरन्तर सञ्चालनमा राख्न, ठूलो क्षति हुनबाट जोगाउन र स्थानीय युवाहरूलाई मौसमी रोजगारी उपलब्ध गराउनका लागि यो कार्यविधि तर्जुमा गरिएको छ।

## परिच्छेद – २: उद्देश्य र सडक खण्डको छनोट

## २.१ मुख्य उद्देश्यहरू

क) वर्षायाममा ग्रामीण सडकहरूमा नाली कटान, पहिरो तथा हिलोका कारण हुने अबरोध तुरुन्त हटाई यातायात सञ्चालन सहज बनाउनु।

ख) सानातिना क्षतिलाई तत्काल मर्मत गरी सडकको आयु बढाउनु र ठूलो मर्मत खर्च जोगाउनु।

ग) स्थानीय बेरोजगार युवाहरूलाई वर्षायाममा श्रम-गहन रोजगारी प्रदान गर्नु।

घ) सवारी संचालन खर्च र यात्रा समय घटाउनु ।
ङ) दुर्घटनाको सम्भावना घटाउनु ।
च) सडकको दीर्घकालीन प्रयोग सुनिश्चित गर्न र सडक सम्पत्तिको संरक्षण गर्नु
छ) सडक सम्भार कार्यका लागि उपयुक्त व्यक्तिको छनौट र परिचालन गर्नु ।

### २.२ सडक खण्डको प्राथमिकता र छनोट

गाउँपालिकाले देहायका आधारमा सम्भार कार्यकर्ता परिचालन गर्ने सडक खण्डको छनोट गर्नेछ:

क) गाउँपालिका केन्द्रदेखि वडा केन्द्र जोड्ने मुख्य सडकहरू।

ख) स्वास्थ्य चौकी, विद्यालय र प्रमुख बजार जोड्ने सञ्जालहरू।

ग) बर्खायाममा बढी पहिरो जाने र जोखिमयुक्त मानिएका कच्ची सडकहरू।

## परिच्छेद – ३: सडक सम्भार कार्यकर्ताको नियुक्ति, योग्यता र सर्तहरू

### ३.१ योग्यता

सडक सम्भार कार्यकर्ताका रूपमा भर्ना हुन देहायका योग्यता पुगेको हुनुपर्नेछ:

- क) नेपाली नागरिक, गुराँस गाउँपालिकाको स्थायी बासिन्दा भएको।
- ख) उमेर १८ वर्ष पूरा भई ५५ वर्ष ननाघेको।
- ग) शारीरिक रूपमा कडा परिश्रम र शारीरिक श्रम गर्न सक्षम।
- घ) सम्बन्धित सडक खण्डकै वरपर वा वडामा बसोबास गर्ने (जसले गर्दा आपतकालीन अवस्थामा तत्काल पुग्न सकियोस्)।
- ङ) राज्यबाट अन्य कुनै किसिमको सेवा सुविधा प्राप्त नगरेको ।
- च) सरकारलाई तिर्नु पर्ने सबै किसिमका कर तथा अन्य दायित्व तिरेको ।

### ३.२ छनोट प्रक्रिया

१) पूर्वाधार शाखा र सम्बन्धित वडा कार्यालयको सिफारिसमा पारदर्शी रूपमा कार्यकर्ताको छनोट गरिनेछ।

२) गुराँस श्रम रोजगार बैंक वा रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार नागरिकहरूलाई प्राथमिकता दिइनेछ।

३) विपन्न, महिला, दलित र सीमान्तकृत वर्गका आवेदकलाई विशेष प्राथमिकता दिइनेछ।

### ३.३ परिचालन अवधि

क) सामान्यतया वर्षायामको मुख्य अवधि (असार १ गते देखि भाद्र मसान्तसम्म वा २ देखि ३ महिना) का लागि सम्भार कार्यकर्ता परिचालन गरिनेछ।

## परिच्छेद – ४: काम, कर्तव्य र अधिकार

### ४.१ कार्य विवरण (Job Description)

सडक सम्भार कार्यकर्ताले तोकिएको सडक खण्ड (सामान्यतया ३ देखि ५ किलोमिटर प्रति व्यक्ति) मा देहायका कार्यहरू गर्नुपर्नेछ:

क) **नाली सफाइ र कटान:** सडकका छेउका नाली (Side Drain), कल्भर्ट (Culvert) र कजवेमा जम्मा भएको माटो, ढुङ्गा, झाडी र फोहोर सफा गरी पानीको निकास सहज बनाउने।

ख) **साना पहिरो हटाउने:** सडकमा खसेका सानातिना माटो, ढुङ्गा हटाएर एकतर्फी भए पनि सवारी साधन सञ्चालन गराउने।

ग) **खाडाखुल्डी पुर्ने:** सडकमा बनेका साना खाडलहरूमा नजिकैको रोडा/ढुङ्गा/माटो हालेर सम्याउने।

घ) **झाडी कटान:** सडकको घुम्ती र दृष्टि रेखा (Sight Distance) छेक्ने झाडी तथा घाँस-पात काट्नुका साथै विद्युत लाइनलाई अवरोध पुऱ्याउने रुख वुट्यान काटछाट गर्ने ।

ङ) **सूचना प्रवाह:** ठूलो पहिरो वा भारी मेसिन (JCB/Excavator) नै प्रयोग गर्नुपर्ने क्षति भएमा तुरुन्त वडाध्यक्ष र गाउँपालिकाको पूर्वाधार शाखा वा वडा प्राविधिकलाई  खबर गर्ने।

च) **अभिलेख दुरुस्त राख्ने**: गरेको कामको नियमित रुममा फोटो तथा अभिलेख राख्ने र प्रतिवेदन गर्ने

छ) **विपद् जोखिममा खटिने**: विपद् बाढी पहिरोमा तदारुकताका साथ सम्बन्धित क्षेत्रमा खटिने ।

ज) **तालिम वा कार्यक्रममा सहभागिता**: गाउँपालिका उपभोक्ता वा अन्य कुनै निकायवाट आयोजनाको मर्मत सम्भार सम्बन्धी कुनै तालिम वा कार्यक्रममा सहभागी हुनको लागि छनौट गरेमा उक्त तालिम वा कार्यक्रममा सहभागी हुने ।

झ) **सम्पर्क समन्वय**: प्राविधिक कर्मचारी, वडा कार्यालय र गाँउपालिकाको नियमित सम्मर्कमा रहने र गाँउपालिका वा व्यवस्थापन समितिले दिएको सल्लाह सुझाब बमोजिम कार्य गर्ने ।

## परिच्छेद – ५: ज्याला, औजार तथा सुरक्षा व्यवस्थापन

### ५.१ ज्याला तथा भुक्तानी र कार्यावधि

१) सडक सम्भार कार्यकर्तालाई गाउँकार्यपालिकाले तोकेको दैनिक वा मासिक श्रम दररेट अनुसार ज्याला भुक्तानी गरिनेछ।

२) भुक्तानी प्रत्येक महिनाको अन्त्यमा प्राविधिकको कार्यसम्पादन प्रतिवेदन र वडा कार्यालयको सिफारिसका आधारमा सोझै कार्यकर्ताको बैंक खातामा गरिनेछ।

३) सडक सम्भार कार्यकर्ताको नियुक्ति प्रत्येक वर्षको  असार १ गते देखि भाद्र मसान्त सम्म रहनेछ ।

प्रत्येक महिनाको २६ दिनका दरले सेवा दिनु पर्नेछ। विदा बस्ने दिनमा आलोपालो पद्धति अपनाउनु पर्नेछ। तर विपद्को अवस्थामा पुरै समय काम गर्ने पर्नेछ।

**५.२ औजार तथा सुरक्षा सामग्री (Tools & Safety Gear)**

गाउँपालिका/पूर्वाधार शाखाले प्रत्येक सम्भार कार्यकर्तालाई काममा खटिनु अघि देहायका सामग्रीहरू उपलब्ध गराउन सक्नेछ:

क) **काम गर्ने औजार:** गैंती, साबेल, कोदालो, हथौडा, घन्टी, र डोको/झोला।

ख) **सुरक्षा सामग्री (PPE):** रेनकोट (बरसाती), गमबुट, सेफ्टी भेस्ट (हाई-भिजिबिलिटी ज्याकेट), र सेफ्टी हेल्मेट।

## परिच्छेद – ६: सडक सम्भार कोषको स्थापना र परिचालन

**६. १ सडक मर्मत-संभार कोषको स्थापनाः**

गाँउपालिकामा एक मर्मत सम्भार कोष रहनेछ। मर्मत-संभार कोषले गाँउपालिकाका सबै किसिमका पूर्वाधार संरचनाहरु (जस्तै खानेपानी, सिंचाई, सामुदायिक भवन, सडक, गोरेटो, झोलुङ्गे पुल, साना जलविद्युत आदि समेत) लाई समेटने हुँदा गाउँ सडकहरुको मर्मत-संभार कार्यको लागि गाउँ मर्मत-संभार कोष सञ्चालन कार्यविधि, २०८३ को अधिनमा रही सडकहरुको मर्मत-संभार गरिनेछ।

**६. २ मर्मत-संभार कोषको श्रोतः**

६.२.१ स्थानीय सरकार संचालन ऐन, २०७४ तथा गुराँस गाँउपालिका मर्मत सम्भार कोष सञ्चालन कार्यविधि, २०८३ बमोजिम गाँउपालिकामा मर्मत-संभार कोषको व्यवस्था गरिएको छ। जसमा तपसिल अनुसारको रकम कोषमा जम्मा गर्न सकिनेछः

क) संघीय सरकार, प्रदेश सरकार वा अन्य निकायहरुले उपलब्ध गराएको मर्मत-संभार वापतको एकमुष्ठ रकम, र
ख) गाँउ सभाबाट विनियोजित भएको रकम।
ग) राष्ट्रिय तथा अन्तराष्ट्रिय गैससहरुबाट प्राप्त हुने रकम।
घ) अन्य निकायको सहयोगमा कार्यान्वयन हुने योजनाको हकमा ती निकायले संचालन एवं मर्मत-संभारका लागि उपलब्ध गराएको रकम,
ङ) गाँउपालिका क्षेत्रभित्र सञ्चालन हुने पूर्वाधार विकास सम्बन्धी योजनाहरुको भुक्तानी रकमको २% ले हुन आउने रकम।
च) कोषमा जम्मा भएको रकमको उत्पादनमूलक परिचालनद्वारा आर्जित रकम।
छ) ऋणबाट प्राप्त हुने रकम।
ज) अन्य स्थानीय तहबाट मर्मत संभार वापत प्राप्त हुने रकम।

६.२.२ मर्मत-संभार कोषमा यसरी जम्मा भएको रकम गाँउपालिकाले संघीय सरकार, प्रदेश सरकार, सडक बोर्ड नेपाल तथा दातृ निकायहरुबाट संचालित सडक योजनाहरुको मर्मत-संभारको लागि गाँउपालिकाबाट ब्यहोर्नु पर्ने परिपूरक वा समपुरक अंशको रुपमा समेत उपयोग गर्न सक्नेछ ।

## परिच्छेद – ७: अनुगमन, सुपरिवेक्षण, मूल्याङ्कन र व्यवस्थापन

### ७.१ प्राविधिक अनुगमन

क) गाउँपालिकाका प्राविधिक (इन्जिनियर/सब-इन्जिनियर) ले महिनामा कम्तीमा दुई पटक सडकको अवस्था र सम्भार कार्यकर्ताको उपस्थिति/कामको अनुगमन गर्नेछन्।

ख) सम्बन्धित वडाका वडाध्यक्ष वा वडा सदस्यले दैनिक/साप्ताहिक रूपमा कामको वस्तुस्थितिको रेखदेख गर्नेछन्।

### ७.२ आचारसंहिता र सेवा समाप्ति

१) सम्भार कार्यकर्ताले आफ्नो तोकिएको कार्यक्षेत्रमा नियमित उपस्थित भई जिम्मेवारीपूर्वक काम गर्नुपर्नेछ।

२) कुनै कार्यकर्ताले बिना सूचना लगातार ५ दिनभन्दा बढी काम छाडेमा वा कार्यसम्पादन सन्तोषजनक नभएमा पूर्वाधार शाखाको सिफारिसमा अर्को व्यक्ति नियुक्ति गर्न सकिनेछ।

### ७.३ सडक मर्मत-संभार व्यवस्थापन समितिः

गाउँस्तरमा सडक मर्मत-संभार कार्यको व्यवस्थापनका लागि गाउँपालिकाले देहाय अनुसारको गाउँसडक मर्मत-संभार व्यवस्थापन समितिको गठन गर्नुपर्नेछ ।

क) गाँउपालिका अध्यक्ष - अध्यक्ष
ख) गाँउपालिका उपाध्यक्ष - सदस्य
ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य
घ) संयोजक पूर्वाधार विकास समिति - सदस्य
ङ) अध्यक्षले तोकेबमोजिम निर्वाचित जनप्रतिनिधी दुई जना - सदस्य
च) पूर्वाधार शाखा प्रमुख - सदस्य सचिव

### ७.४ गाउँ सडक मर्मत-संभार व्यवस्थापन समितिका काम कर्तव्य र अधिकारः

७.४.१ गाँउ सडक सम्भार व्यवस्थापन समितिले निम्नानुसारको कार्य गर्नेछः-

क) सडक मर्मत-संभार कोषका लागि स्थानीय श्रोतहरुको पहिचान र परिचालन गर्ने,
ख) मर्मत-संभार गर्नुपर्ने सडकहरुको पहिचान पछि निश्चित मापदण्ड अनुसार सडकहरुको प्राथमिकीकरण गर्ने र सिफारिस गर्ने,
ग) मर्मत-संभारको लागि स्वीकृत योजनाहरुको कार्यान्वयनमा सहयोग गर्ने,
घ) मर्मत-संभारका लागि संचालनमा रहेका सडकहरुको नियमित अनुगमन गर्ने,
ङ) मर्मत सम्भार कार्यकर्ताको त्रैमासिक प्रतिवेदनमा छलफल र कार्यपालिकामा पेश गर्ने ।

७.४.२ मर्मत-संभार सम्बन्धी कार्यान्वयन भइरहेको र संचालनमा रहेका सडकहरुको सम्बन्धमा कम्तीमा प्रत्येक महिनामा एक पटक बैठक बसी समीक्षा गर्ने र समीक्षा प्रतिवेदन गाउँपालिकामा पेश गर्ने ।

## परिच्छेद – ८: विविध

१. **विपद् कोषसँग समन्वय:** ठूला पहिरो वा आकस्मिक अवरोध हटाउनु परेमा गाउँपालिकाको विपद् व्यवस्थापन कोष र भारी मेसिन (JCB) सँग सम्भार कार्यकर्ताले समन्वय गरी काम गर्नेछन्।

२. **संशोधन:** यस कार्यविधिमा कुनै संशोधन गर्नुपरेमा गाउँकार्यपालिकाको निर्णयबाट गर्न सकिनेछ।

३. **लागू हुने:** यो कार्यविधि गाउँकार्यपालिकाबाट स्वीकृत भएपछि तुरुन्त लागू हुनेछ।

४. **बाधा अड्काउ फुकाउ:** यस कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा उत्पन्न भएमा कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ ।

आज्ञाले,

ओम प्रकाश देवकोटा

प्रमुख प्रशासकीय अधिकृत